नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

फोन नं. : ५३४७९१२
५३४३९३९

बबरमहल
काठमाडौं, नेपाल।

पत्र संख्याः २०८३/०८४
च.नं. :

## सूचना नं. ०४/०८३-८४

## प्रतिबन्ध लगाइएका वस्तुहरु बिक्री वितरण नगर्ने सम्वन्धी सूचना!!!

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (१) बमोजिम कुनै वस्तुको निकासी वा पैठारीमा मनाही वा नियन्त्रण गर्न सक्ने कानूनी व्यवस्था अनुसार नेपाल सरकारले त्यस्तो वस्तुको निकासी वा पैठारीमा शर्त वा निश्चित अवधि तोकी वा नतोकी मनाही गर्न वा पूर्ण वा परिमाणात्मक बन्देज लगाउन मिति २०७६।०३।०२, २०७६।१२।२४ लगायत अन्य मितिमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरेको भएता पनि त्यस्ता वस्तुहरु बजारमा भौतिक तथा डिजिटल प्लेटफर्मको माध्यमबाट बिक्री वितरण भइरहेको सम्बन्धमा प्राप्त उजुरी तथा गुनासोप्रति यस विभागको गम्भिर ध्यानाकर्षण भएको छ।

नेपाल सरकारले प्रतिबन्ध लगाएका त्यस्ता वस्तुहरु अनाधिकृत रुपमा पैठारी, भण्डारण तथा बिक्री वितरण गर्ने कार्य कानून बमोजिम दण्डनीय रहेकोले सबै पैठारीकर्ता, सञ्चयकर्ता र बिक्रेताहरूलाई कानूनले तोकेबमोजिमको दायित्व तथा शर्त बन्देज परिपालना गरी व्यापार व्यवसाय सञ्चालन गर्न गराउन हुन सूचित गरिएको छ। कानून विपरितका कार्यहरू भए गरेको पाइएमा निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३, उपभोक्ता संरक्षण ऐन, २०७५ तथा अन्य प्रचलित कानून बमोजिम कारवाही हुने वेहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ।

मितिः-२०८३/०४/११

प्रवक्ता
**वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग**

Website: https://doc.gov.np
Email: info@doc.gov.np

"सुरक्षित उत्पादन, विवेकशील उपभोक्ता र जिम्मेवार प्रशासन"